# श्री सरस्वती आधारभूत विद्यालय
# Shree Saraswati Basic School

मालारानी गाँउपालिका-३, खनदह, अधेरीपोखरी, अर्घाखाँची
Malarani Rural Municipality-3, Khanadaha, Adheripokhari, Arghakhanchi

प.सं./L.N.: २०८३।०८४ स्था: २०४१ Estd: 2041
च.नं./Ref. No.: २०

मिति: २०८३/०४/२०
ने.सं. ११४६, दिल्लागा, सप्तमी

**श्री जो जससँग सम्बन्धित छ ।**

**विषय:- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी दरखास्त आह्वान् ।**

प्रस्तुत विषयका सम्बन्धमा मालारानी गाउँपालिकाको मिति २०८३/०४/१९, च.न. १८७ को प्राप्त अनुमति र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०४/२० गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा शिक्षा नियमावली-२०५९ (दशौं संशोधन)-२०८३ बमोजिम योग्यता पुगेका स्थायी, प्राथमिक तह, तृतीय श्रेणीका शिक्षकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८३/०५/०३ गते बुधबारसम्म) सरुवाका लागि दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:**

- सरुवाका लागि निवेदन
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- अस्थायी र स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि र सेवा अवधि स्पष्ट खुल्ने कागजात
- सम्पूर्ण शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात
- असाधारण बिदा तथा बेतलबी बिदा लिए/नलिएको सम्बन्धी कागजात
- हाल कार्यरत विद्यालय र सम्बन्धित स्थानीय तहको सहमति पत्र
- जिल्ला बाहिरबाट भए सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र
- शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको फाराम

**पुनश्च:**

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना saraswatibasic2041@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. थप जानकारीका लागि सम्पर्क नं. ९८४७१८२७०० (प्रधानाध्यापक)

**बोधार्थ:**

- श्री शिक्षा विकास तथा समन्वय एकाइ, सन्धिखर्क, अर्घाखाँची- (जानकारी तथा वेबसाइटमा प्रकाशनको लागि)
- श्री मालारानी गाउँपालिकाको कार्यालय, खनदह, अर्घाखाँची- (जानकारी तथा वेबसाइटमा प्रकाशनको लागि)

२०८३।०४।२०
**ईश्वरी प्रसाद पोखरेल**
प्रधानाध्यापक
**नि. प्रधानाध्यापक**